नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल

सूचना.नं. ०१-२०८३/०८४

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्वन्धी अत्यन्त जरुरी सूचना।

(प्रकाशित मिति:- २०८३/०४/०४)

उपरोक्त सम्वन्धमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिहनु भएका लाभग्राहीहरूले आर्थिक बर्ष २०८३/८४ मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम (९) बमोजिम **असोज मसान्तसम्म** आ-आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा आवश्यक कागजात सहित लाभग्राही स्वयम् उपस्थित भई जैविक पहिचान (Biometric Device-Finger Print/Iris Device) का आधारमा अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन अनुरोध गरिन्छ।

साथै, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ९० वर्ष माथिका स्वयम् उपस्थित हुन नसक्ने व्यक्तिहरूको हकमा आमा, बाबु, संरक्षक वा स्याहार सुसार गर्ने व्यक्ति उपस्थित भई लाभग्राहीको तर्फवाट निवेदन दिन सक्नेछन्।

**निवेदन साथ संलग्न राख्नुपर्ने आवश्यक कागजातहरू :**

- ✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपी, राष्ट्रिय परिचयपत्र (राष्ट्रिय परिचयपत्र नं. अनिवार्य), सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको परिचयपत्रको प्रतिलिपी।
- ✓ बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- ✓ अपाङ्गता भएकाको हकमा स्थानीय तहबाट जारी अपाङ्गता परिचयपत्रको प्रतिलिपी,
- ✓ विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नभएको प्रमाणित पत्र,
- ✓ लाभग्राहीको सम्पर्क नं. र बैंक खाता नं.।

**नोट**: *म्याद भित्र नवीकरण नभएका लाभग्राहीको स्वत लगत कट्टा गरिने छ र लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ वमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही वमोजिम गरिनेछ।*

प्रमुख प्रशासकीय अधिकृत
.............................
(राजेन्द्र सिंह शाहू)
नि. प्रमुख प्रशासकीय अधिकृत